# जलवायु उत्थानशीलमा पारिवारिक निजी वन किसानको योगदान

## के हो जलवायु परिवर्तन ?

कुनै सानो स्थानको वायुमण्डलमा छिन् छिन्मा वा दैनिक रूपमा रहेको वायुमण्डलीय गतिको अवस्थालाई मौसम भनिन्छ । लामो समयको तापक्रम, वर्षा, हावाको गति जस्ता मौसमी तथ्याङ्क तथा कम्तीमा ३० वर्षको विश्लेषणको आधारमा निकालिएको औसत तथा भिन्नताको परिणाम जलवायु परिवर्तनको हो । औद्योगिक क्रान्तिको सुरुवाती सन् १७५० मा हरित गृह ग्यासमध्ये महत्वपूर्ण तत्वका रूपमा लिइएको कार्बन डाइअक्साइडको उपस्थिति वायुमण्डलमा नगन्य प्रतिशतमात्र रहेको थियो । अर्थात् १० लाख हावाको कणमध्ये २८० कण (पीपीएम) रहेकोमा सन् २००५ सम्म आइपुग्दा ३७९ कण पुगेको छ । एक अध्ययनअनुसार वायुमण्डलमा कुल कार्बन डाइअक्साइड ७५० गिगाटन रहेको अनुमान गरेको थियो । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह (आपीसीसी) को प्रतिवेदन, २००६, अनुसार वायुमण्डलमा कुल हरित गृह ग्यास उत्सर्जनको २६ प्रतिशत ऊर्जा क्षेत्र, १९ प्रतिशत उद्योगधन्दा, १७ प्रतिशत वन विनास र क्षयीकरण, १४ प्रतिशत कृषि, १३ प्रतिशत यातायात, ८ प्रतिशत आवास व्यवस्थापन, ३ प्रतिशत फोहर तथा फोहर पानीबाट हुने उत्सर्जनले ओगटेको छ । पृथ्वीमा यी ग्यासहरूको वृद्धिबाट नै हरित गृह ग्यास बढ्नु र जलवायु परिवर्तनको आधार बन्नु हो । सन् २०२३ मा कुल कार्बन उत्सर्जन परिमाण करिब ४१० मिलियन टन रहेको अनुमान छ ।

वायुमण्डलमा ७८ प्रतिशत नाइट्रोजन, २१ प्रतिशत अक्सिजन तथा १ प्रतिशत अन्य ग्यास रहेको हुन्छ । जलवायु परिवर्तनको लागि हरित गृह ग्यासहरू कार्बन डाइअक्साइड समेतका ग्यासहरू वायुमण्डलमा थपिँदै जानु र पृथ्वीबाट पारवर्तित तापको ठूलो भाग वायुमण्डलमा रोकिएर रहने क्रममा वृद्धि हुनाले विगत केही दशकदेखि विश्वव्यापी वायुमण्डलीय तापक्रममा वृद्धि भएको र तापक्रम बढ्ने क्रम कायम नै छ । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह (आपीसीसी) को छैटौं प्रतिवेदनअनुसार मानिसका कारण भू-सतह तापक्रम सन् १८५० देखि १९०० सम्म र सन् २०१० देखि २०१९ बीचमा क्रमशः ०.८ डिग्री सेल्सियसबाट १.३ डिग्री सेल्सियस बढेको थियो । वर्ल्ड पपुलेसन रिभ्यूअनुसार सन् २०२३ मा कार्बन उत्सर्जन गर्ने प्रमख



देशहरूमा चीन (३३.९८ प्रतिशत), संयुक्त राज्य अमेरिका (१२ प्रतिशत), भारत (७.५७ प्रतिशत) रहेका थिए । सन् २०२३ मा हरित गृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.०५ प्रतिशत रहेको जनाइएको थियो ।

नेपालको हाल हरित गृह ग्यास उत्सर्जनमा वैश्विक योगदान ०.०६ प्रतिशतमात्र रहेको, तर जलवायु परिवर्तनको असर भयावह भएकाले जलवायु न्यायका लागि वकालत गरिरहेको छ । नेपालले नखाएको विष लागिरहेको भन्दै विश्व जगतमा आवाज उठाइएको छ । नेपाल जलवायु परिवर्तन इन्डेक्समा चौथो (सन् २०१७) र बाढीजन्य प्रकोपमा ३० औं स्थान रहेको छ । नेपालमा ८ प्रतिशत क्षेत्र बाढीग्रस्त र ५९ प्रतिशत क्षेत्र पहिरोग्रस्त रहेको अनुमान छ । साथै ५६ प्रतिशत क्षेत्र सुख्खाग्रस्त रहेको पनि वन तथा वातावरण मन्त्रालयको सन् २०२१ को प्रतिवेदनमा उल्लेख छ ।

पारिस्थितिकीय सन्तुलन गर्न र बढ्दै गरेको विश्व तापमान घटाउन वन क्षेत्रले योगदान दिएका छन् । सरकारी वा राष्ट्रिय वनमात्र होइन नेपाली किसानहरूले संरक्षण, रोपण तथा व्यवस्थापन गरिएका पारिवारिक निजी वनबाट जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा ठूलो योगदान रहेको छ । अर्थात् निजी वनबाट भएको कार्बन सञ्चितीको बारेमा कार्बन व्यापारमा जान सक्ने अवस्था छ । यसका लागि वृक्षरोपण, वन संरक्षण, पारिवारिक निजी वन किसानको संगठन सवलीकरण, वन अधिकार सुनिश्चित हुनु जरूरी छ । साथै पारिवारिक निजी वनबाट के कति कार्बन व्यापारको फाइदा किसानसम्म कसरी पुग्छ, थप संगठित भएर अघि बढ्नु र सम्बद्ध पारिवारिक



निजी वन संघ, नेपालको कार्बन बजार र वार्ताहरूमा कार्यसमूहमा प्रतिनिधित्व गर्दै पैरवी तथा वकालत आवश्यक रहेको छ ।

जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका कार्यक्रम तय गरिरहेको छ । जलवायु परिवर्तनका नकारात्मक असर हरेक किसान र तिनीहरूको खेतबारीमा परिरहेको छ । अतः यसका असर न्यूनीकरण र अनुकूलन गर्न पारिवारिक निजी वन नर्सरी स्थापना, वन विकास, आम्दानीमूलक वृक्षरोपण, संरक्षण आदिमा प्राविधिक सहयोग गर्न सरकार र दाता निकायमा वकालत गरिरहेको छ । नेपालका निजी वन कति छन् ? यसको योगदान कस्तो छ ? पारिवारिक निजी वन संघ नेपाल के हो ? र, यसले कस्तो भूमिका खेलिरहेको छ ? भन्नेबारे अझ बढी जानकारी दिन विभिन्न सञ्चारमध्यम, श्रव्य-दृश्य तथा छापाको माध्यमबाट प्रयास भइरहेको छ ।

## नेपालको भौगोलिक क्षेत्र र चुरे क्षेत्रको अवस्था

नेपालमा पाँच वटा भौगोलिक क्षेत्र रहेका छन् । हिमाल, उच्च पहाड, मध्य पहाड, चुरे र तराई क्षेत्रमध्ये चुरे शृङ्खला अत्यन्त महत्वपूर्ण र संवेदनशील भू-भाग हो । चुरे शृङ्खला नेपालको हिमालय पर्वत शृङ्खलामध्येको दक्षिणमा अवस्थित मेचीदेखि महाकालीसम्म फैलिएको करिब ३९,२५,२०४ हेक्टर क्षेत्रफल भएको सबैभन्दा सानो र कान्छो कमलो पहाड हो । चुरे शृङ्खलाको अवस्था हेर्दा बलौटे तथा माटो ढुंगा र कंग्लोमेरेट पदार्थ भएको कमजोर धरातलीय र क्षयीकरणको चपेटामा परेको क्षेत्र हो । यस प्रकारको कमजोर चुरे शृङ्खलामा वर्षादमा धेरै र हिउँदमा थोरै पानी पर्ने हुँदा यहाँको पारिस्थितिकीय पद्धति निकै संवेदनशील रहेको छ । चुरे शृङ्खलाका भिरालोमा अभ्यास गरिएका कृषि, सडक निर्माणशैली वातावरणमैत्री नहुनाले बाढी, पहिरो, भू-क्षयका कारण हुने सबै प्रकारका क्षति कम गर्न, जमिनको उत्पादकत्व बढाउन, पानीको अभाव र भयरहित जीवनका लागि नेपालको भौगोलिक, भौगर्भिक, हावापानीको अवस्थाअनुसार जमिन, वन, जैविक विविधता संरक्षण र जलस्रोत र जलाधारीय स्रोतको दिगो व्यवस्थापनका लागि स्थलगत समन्वय र प्रभावकारी अभ्यासको कमी हुनु ।

चुरे शृङ्खला संरक्षणका लागि सम्पूर्ण चुरे क्षेत्र वा सम्पूर्ण भू-परिधिमा एकीकृत तथा जनसहभागितमूलक कार्यक्रम सञ्चालन जरूरी छ । यस क्षेत्रमा देखापरेका चुनौतीहरू समाधान गर्न सरकार, गैरसरकारी तथा निजी क्षेत्रबाट विभिन्न परियोजना सञ्चालन हुँदै आएका थिए । तर चुरे क्षेत्रका समस्याहरू बहुविषयगत, बहुक्षेत्रगत र अन्तरसंस्था भएका कारण परिकल्पना गरिएअनुसार उपलब्धि प्राप्त भएन । तसर्थ, वि.स. २०७१ सालमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन भई वि.स. २०७४ सालमा गुरूयोजना स्वीकृत भएपछि सोहीबमोजिम एकातिर समितिले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रम सञ्चालन गरिरहेको छ भने अर्कोतर्फ जलवायु परिवर्तनका कारण चुरे क्षेत्रमा परेको चापले चुरे क्षेत्रको संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी आयोजनाहरू सञ्चालनमा आएका छन् । यसै परिवेशमा चुरे उत्थानशील आयोजना (Building a Resilent Chure Region in Nepal) सञ्चालन भइरहेको छ ।

# निजी वन तथा कृषि वन

## निजी वन

नेपालको वन ऐन, २०७६ अनुसार वन भन्नाले पूर्ण वा आंशिक रूपमा रूख वा बिरुवाले ढाकेको भू-भाग भन्ने बुझिन्छ । जमिनको स्वामित्वको हिसाबले नेपालको वन जम्मा दुई प्रकारको रहेको छ- निजी वन र राष्ट्रिय वन । निजी वन भन्नाले प्रचलित कानुनबमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काइएको संरक्षण गरिएको वन संरक्षण सम्झनु पर्छ । निजी वनबाहेकको सम्पूर्ण वनलाई राष्ट्रिय वन भनिन्छ भनेर वन ऐन, २०७६ मा परिभाषित गरिएको छ । निजी वनको दर्ता स्थानीय सरकारबाट हुन्छ र वन पैदावार ओसार पसारको लागि पनि कानुनी व्यवस्था गरिएको छ ।

आँप, लिची, कटहर, अम्बा, हलुवाबेद, इमली, लहरेपिपल, गोल्डमोहर, वीरेन्द्र फूल, कपोक, बकाइनो, नीम, बबुर र बबुल, मसला, सिसौ (वृक्षरोपण), इपिल इपिल, कदम, टिक, क्यासिया सियामिया,.काभ्रो, लप्सी, मोलाटा, टुनीसमेत २३ प्रजातिका रूखको लागि निजी वन नियमावली, २०५१ पाँचौं संशोधन २०७२ को नियम ६२ उपनियम



(४क) सँग सम्बन्धित : दर्ता नभएका निजी वन धनीले कटान गर्न अनुमति लिनु नपर्ने र काठ दाउरा ओसारपसार गर्न छोड पुर्जी लिनु नपर्ने प्रावधान गरेपछि पारिवारिक निजी वन किसानहरूलाई सहज भएको छ । निजी वन नियमावली, २०५१ को नियम ६२ उपनियम (४ख) अनुसार दर्ता नभएका निजी वन धनीले ओसारपसार गर्न छोड पुर्जी लिनु नपर्ने वन पैदावारहरूमा (क) जडिबुटीतर्फ रिठ्ठा, लप्सी, रूद्राक्ष, अमला, बोधिफल र बोधिचित्त, चिउरी, टिमुर, तेजपात, चिराइतो, कुरिलो, सतावरी, सिल्टीमुर, बेल र मसलाको पात पर्दछन् । त्यस्तै (ख) अन्य वन पैदावारतर्फ अम्रिसो र बाँस पनि रहेका छन् ।

एक तथ्याङ्कमा ६२ जिल्लाका ३,७५३ व्यक्तिको २,९०२ हेक्टरमात्र निजी वन दर्ता रहेको वि.स.२०७३ मा प्रकाशित सामुदायिक वन महाशाखाको एक तथ्याङ्कले देखाएको छ । सामुदायिक वन अध्ययन केन्द्रको वि.स.२०८२ को सामुदायिक वन बुलेटिन २१ अनुसार २०८२ को तथ्याङ्कअनुसार निजी वन दर्ता संख्या ५,२५९ र क्षेत्रफल ३,७५१.४२ हेक्टरमात्र रहेको छ । हालका वर्षमा वन संख्या र क्षेत्रफल पनि बढेको पाइए तापनि नीति तथा कानुनमा भएको व्यवस्थाअनुसार कृषि वनले प्राथमिकता पाएन र युवा समूहलाई रोजगारीको अवस्था सिर्जना गर्न सकेको छैन । आर्थिक योगदानतर्फ वन तथा वातावरण मन्त्रालयको प्रतिवेदनअनुसार वनबाट सन् २०२३/२४ मा ३१.८ मिलियन क्यूफिट काठ उत्पादन भई रू ४.७७ विलियन राजस्व संकलन भएको थियो, जुन राष्ट्रिय योजना आयोगको सन् २०२४ मा प्रकाशित विवरणअनुसार कुल गार्हस्थ उत्पादनको ३ प्रतिशत रहेको थियो ।

## कृषि वन

कृषिबाली सँगसँगै रूख बिरूवा हुर्काउने प्रणालीलाई कृषि वन भन्ने गरिन्छ । कृषि वनको माध्यमबाट कुनै पनि ठाउँमा पारिस्थितिक र आर्थिक रूपमा उत्तम हुने र कृषिको उत्पादकत्वमा प्रतिकूल असर नपर्ने गरी अधिकतम फाइदा लिन सकिन्छ । कृषि-वन प्रणालीमा खाद्यान्नका लागि बाली, बस्तुभाउ र इन्धनको लागि घाँस, डालेघाँस एवम् दाउराका साथै काठ, जडिबुटी एकैसाथ प्राप्त गर्न सकिने अवस्था रहन्छ भने माटोको उर्वराशक्ति कायम राखी भू-क्षय नियन्त्रण र वातावरण संरक्षण भएको हुन्छ । यो प्रणालीबाट कृषि वनका दैनिक आवश्यकता पूरा गर्दै जीविकोपार्जनमात्र नभई राष्ट्रिय अर्थतन्त्रमा टेवा दिँदै जैविक विविधता संरक्षण तथा विश्वव्यापी समस्याको रूपमा भोगिएको जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका लागि यो एक सरल र किसानमैत्री अभ्यास हो । कृषि र वनबाली प्रणाली, वन र घाँसेबाली प्रणाली, कृषि, वन र घाँसेबाली प्रणाली, घर वरपरको बगैंचा कृषि-वन प्रणाली, फलफूल र वनबाली प्रणाली, कृषि, फलफूल र वनबाली प्रणाली र वन तथा माछापालन प्रणालीजस्ता कृषि-वन प्रणालीका प्रकार हुन् । यस प्रणालीमा खाद्यान्नका लागि बाली, बस्तुभाउ र इन्धनको लागि डालेघाँस एवम् दाउरा र फलफूल खेती गरी एकैसाथ फाइदा वा आम्दानी पनि प्राप्त गर्न सकिने अवस्था रहन्छ भने माटोको उर्वराशक्ति कायम राखी भू-क्षय नियन्त्रण र वातावरणको समेत संरक्षण भएको हुन्छ । जसले गर्दा जलवायु परिवर्तन न्यूनीकरणमा योगदान पुगिरहेको छ ।

कृषि वनलाई पनि कार्वन व्यापारमा लैजान सकिने गरी विभिन्न तहमा मापदण्डहरूको विकास र अभ्यास भइरहेको छ । नेपालमा पारिवारिक निजी जग्गामा विभिन्न कृषि वनको प्रणाली अपनाई जमिन र जलको अधिकतम फाइदा लिन सकिन्छ । किसानले आफ्नो वन पैदावारको आवश्यकता पूरा गर्दै बजारमा पनि उत्पादन भएका उपज बिक्री गरी आयआर्जन गर्न सक्दछन् ।

खाद्य तथा कृषि संगठन, सन् २०२० अनुसार विश्वमा एक करोड २० लाख जनता कृषि-वनबाट जीविकोपार्जन गरिरहेको बताइएको छ । अफ्रिकामा स-साना रूखमुनि बस्तुभाउ चराउने र खेती, युरोपमा रूख र चरन, संयुक्त राज्य अमेरिकामा नदी किनारा वनस्पतिको मध्यवर्ती ब्लक निर्माण, फिलिपिन्समा कृषिबाली, रूख र चरनको कृषि-वन प्रणाली सञ्चालन गरिएका छन् ।

वैज्ञानिक तबरले नेपालमा कृषि वन प्रणाली सन् १९७० मा बारा जिल्लाको सरकारी वनभित्र तामागढीमा टँगिया खेतीबाट सुरु भएको थियो । एक विश्वस्तरको अध्ययनअनुसार कृषि वनबाट वार्षिक प्रतिहेक्टर आम्दानी अमेरिकन डलर १०० देखि ३०० सम्म हुन सक्ने अनुमान गरिएको छ । काठ, फलफूल, मह र कृषिमा आधारित वस्तु उत्पादनका विविधीकरणबाट वार्षिक प्रतिहेक्टर आम्दानी अमेरिकी डलर २०० देखि २,००० सम्म हुन सक्ने अनुमान छ । तर यसका लागि युवा समूहको प्रत्यक्ष संलग्नता हुनु अनिवार्य शर्त हो । यसैबीच विश्वव्यापी रूपमा वन विनास र वन क्षयीकरणबाट करिब १२ प्रतिशत कार्बन उत्सर्जन भएको पनि उल्लेख गरिएको छ । कृषि वनका माध्यमले जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिने अवस्था छ ।

कृषि विकास रणनीति (२०७२-२०९२), राष्ट्रिय वन नीति, २०७५, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७५, राष्ट्रिय वातावरण नीति, २०७५, कृषि वन नीति, २०७५, राष्ट्रिय युवा नीति, २०१५, रेड प्लस रणनीति, २०२५ ले जलवायु उत्थानशील समाजको विकास गरी कृषि वन क्षेत्र निर्माण गरी आर्थिक वृद्धि, जीविकोपार्जन सुधार र रोजगारीमा जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वन ऐन, २०७६ अनुसार वन नियमावली, २०७९ मा रहेका प्रावधानले केही आशा जगाए पनि निजी वन तथा कृषि वनको हकमा गुणस्तरीय बीउ, बिरूवादेखि उद्यम तथा बजारसमेतमा अझै स्पष्ट, सहज र सरल बनाउनु पर्ने देखिन्छ ।

राष्ट्रिय वन नीति, २०७५ को दूरदृष्टि व्यवस्थित वनक्षेत्र र सन्तुलित पर्यावरणमार्फत नेपालको आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धिमा योगदान रहेको छ । राष्ट्रिय वन बाहिरका वनसम्बन्धी नीतिमा राष्ट्रिय वन बाहिरका निजी वन, कृषि वन र पारिवारिक वनको विस्तार, विकास र प्रवर्द्धनका लागि सहुलियत दरका ऋण उपलब्ध गराई प्रोत्साहन गरिने उल्लेख छ । साथै निजी वन, कृषि वन र पारिवारिक वनको विस्तारका लागि प्रचार प्रसार, प्रविधि हस्तान्तरण र वन धनीको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिने पनि वन नीतिमा समेटिएको छ । यस वन नीतिको रणनीति तथा कार्यनीतिमा निजी जग्गामा उत्पादित वन पैदावारलाई जग्गा धनीले कटान, प्रशोधन, बिक्री वितरण, ओसार पसार र प्रयोग गर्न पाउने व्यवस्था गरिने तथा निजी जग्गामा निजी वन, कृषि वन तथा तिनमा आधारित हरित उद्योगहरूलाई प्रवर्द्धन र विस्तार गर्न नवीनतम प्रविधिहरू हस्तान्तरण गरिने उल्लेख छन् । यस राष्ट्रिय वन नीति- २०७५ ले समग्रमा वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्द्धन गर्ने तथा वन क्षेत्रको विकास, विस्तार तथा जडिबुटीलगायत वनमा आधारित हरित वन उद्यम तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार र लगानीमा प्रोत्साहन गरिने नीति लिएको छ । साथै, फलफूललगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास तथा कार्बन उत्सर्जन न्यूनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुर्‍याउने र वातावरणीय सेवाको मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेसमेत नीति समेटेको छ ।

कृषि विकास रणनीति (२०७२-२०९२) ले राखेको दूरदृष्टिमा आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी र समावेशी कृषि क्षेत्र जसले आर्थिक वृद्धि डोर्‍याउँछ, र जीविकोर्पाजन सुधार र खाद्य तथा पोषण सुरक्षा गर्दै खाद्य संप्रभूतातर्फ योगदान दिनेछ भनी उल्लेख छ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७५ ले राखेको लक्ष्यमा जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक, आर्थिक समृद्धिमा योगदान पुर्‍याउने भनिएको छ । साथै, नीतिहरूमा बाँझो कृषियोग्य जमिनमा बहुउपयोगी रूख प्रजातिसहित कृषि वन प्रणालीको विकास गरिनेछ तथा जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमिनमा कृषिवनको विकास गरिनेछ भन्ने प्रावधान राखिएको छ । राष्ट्रिय वातावरण नीति- २०७५ को उद्देश्यहरूमा वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने एवम् जमिनको प्रयोग भू-उपयोग योजनाबमोजिम गर्ने भनी समेटिएका छन् । कृषि वन नीति- २०७५ मा दूर दृष्टि रहेका जसमा कृषि वन प्रणालीको विकास, विस्तार र व्यावसायीकरण गरी राष्ट्रिय समृद्धिमा योगदान पुर्‍याउने उल्लेख छ ।

## नेपालमा निजी वनका तथ्याङ्क र योगदान

आफ्नो निजी जग्गामा पहाडमा ६० रूख र तराईमा ४० रूख भएका किसान सदस्यहरूलाई पारिवारिक निजी वन भनिन्छ । पारिवारिक निजी वन संघ, नेपालको विधानअनुसार किसानहरू पारिवारिक निजी वन संघमा सदस्य हुन पाउँछन् । राष्ट्रिय वनको क्षेत्रफलका सम्बन्धमा पटकपटक नेपाल सरकारबाट वन स्रोत सर्वेक्षण भएको पाइन्छ । सन् १९९४ मा नेपालको कुल भू-भागमा वनको क्षेत्रफल ३९.६ प्रतिशत रहेको तथ्याङ्क रहेको थियो । सन् २०१० देखि २०१४ मा सम्पन्न वन स्रोत सर्वेक्षणको नतिजाअनुसार वनको क्षेत्रफल ६६,०९,९३० हेक्टर अर्थात् ४४.७४

प्रतिशत पुगेको पाइन्छ। तत्पश्चात वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०२२ बाट प्रकाशित विवरणअनुसार नेपालको वन क्षेत्रको क्षेत्रफल ४५.३१ प्रतिशतबाट ४६.०८ प्रतिशत पुगेको जनाइएको छ। हालसम्म राष्ट्रिय वनको मात्र स्रोत सर्वेक्षण भएको छ, निजी वनको सर्वेक्षणलाई तथ्याङ्क लिने विषय बनेको छैन। जसले गर्दा पारिवारिक निजी वन क्षेत्र पूरै उपेक्षित रहेको पाइन्छ।

पारिवारिक निजी वनको भू-उपयोगको विवरण राष्ट्रिय तथ्याङ्क कार्यालयले सन् २०२४ मा प्रकाशन भएको भू-उपयोगिता प्रतिवेदनअनुसार निजी जमिनको भू-उपयोग वर्गीकरणमा ४१,३०,७८९५ घरधुरीको २२,१८,४०९.९ हेक्टर जमिनमा रहेको जनाइएको पाइन्छ। सो घरधुरीमध्ये कृषि वन गर्ने घरधुरी संख्या १०६४७० र क्षेत्रफल १८८४७.६ हेक्टर, निजी वन क्षेत्र भएका घरधुरी संख्यामध्ये निजी वन घरधुरी संख्या ४,७२,६४५ र किसानहरूले व्यवस्थापन गरेको निजी वन क्षेत्रफल ८०,६६९.५ हेक्टर रहेको छ। यसैगरी नेपालभरिका किसानहरूले व्यवस्थापन गरेको कृषि वन व्यवस्थापन गर्ने घरधुरी संख्या १,०७,१८४ घरधुरीले १८,९३२.६ हेक्टरलाई व्यवस्थापन गर्दै हरित स्वरोजगार र हरित अर्थतन्त्र निर्माणको महान् कार्यमा अग्रसर रहेको पाइन्छ। अर्कोतर्फ वन विभागको तथ्याङ्कअनुसार नेपालमा सरकारले जिल्लामा जम्मा २,४०२ वटा निजी वन दर्ता भएको जसले २३३३.०४ हेक्टर ओगटेको र ३३,०७,७८२ वटा रूख रहेको उल्लेख छ। तर यो नगन्य हो। माथिको तथ्याङ्कले देखाएअनुसार निजी वनको प्रभाव र विस्तार व्यापक छ भन्ने कुरामा दुईमत हुन सक्दैन। यदि अन्य क्षेत्रमा जस्तै यो पारिवारिक निजी वन क्षेत्रमा सरकार वा सहयोगी दाताहरूले सहयोग गर्ने हो भने यो क्षेत्रले आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान गर्ने कुरामा कुनै शङ्का गर्नुपर्ने अवस्था रहेको छैन।



### काष्ठ उत्पादनमा योगदान

नेपालमा काठ आपूर्तितर्फ अध्ययन गर्दा आ.व. २०७९/८० मा सरकारद्वारा व्यवस्थित वनबाट ७,३९,६०९ क्यूफिट, सामुदायिक वनबाट ३२,६२,१२५ क्यूफिट, साझेदारी वनबाट १,७०,२४५ क्यूफिट र निजी वनबाट ७२,३५,७९९.९ क्यूफिट उत्पादन तथा बजारमा गएको देखिन्छ (तालिका १)। काठ बिक्री गर्दा सरकारलाई मूल्य अभिवृद्धि कर बुझाएको र राज्यलाई महत्वपूर्ण योगदान गर्ने निजी वन क्षेत्रलाई थप विकास र विस्तारमा तीन तहका सरकारको विशेष ध्यान जानु आजको आवश्यकता रहेको छ। निजी वन किसानहरूको साझा संगठन पारिवारिक निजी वन संघ, नेपालले निजी वनको नीतिगत, कानुनी, संस्थागत र व्यवहारगत विषयमा वकालत गर्दै आएको छ।

**तालिका १ : आ.व. २०७९/८० काठ संकलनको विवरण**

| वनका किसिम | कोशी प्रदेश | मधेश प्रदेश | वागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| सरकारी वन | १,०४,९५५ | ४५,३०० | ३,९०,५७४ | ६७,२१४ | ४०,३१३ | ८५,४३० | ५,८२३ |
| सामुदायिक वन | १८,७७,५५९ | १,०९,८१६ | ४,८८,४१६ | ४,६०,७९६ | २,११,६०९ | ७७,४६५ | ३६,४६४ |
| साझेदारी वन | ४,९१३ | १,२८,१३६ | ० | ० | ३७,२२६ | ० | ० |
| निजी वन | २२,१९,७८०.९ | ५,५७,६४२ | १७,५६,०२० | ७,६१,७३१ | १५,०४,१२२ | १,००,०७५ | ३,३६,४२९ |

## चुरे उत्थानशील आयोजनाको संक्षिप्त जानकारी
## (Building a Resilent Chure Region in Nepal)

नेपाल सरकार र संयुक्त राष्ट्रसंघ खाद्य तथा कृषि संगठन (एफएओ) नेपालको संयुक्त प्रयासबाट नेपालको मध्य तथा पूर्वी भागको चुरे क्षेत्रको उत्थानशीलता वृद्धिको लागि चुरे उत्थानशील आयोजना तर्जुमा गरिएको हो। यो आयोजना हरित जलवायु कोषको सहयोगमा नेपाल सरकार र एफएओबीच मिति सन् २०२० मे ३ मा सम्झौता भई वन तथा वातावरण मन्त्रालय र एफएओको संयुक्त व्यवस्थापन कार्यान्वयनमा रहेको आयोजना हो।

### समग्र लक्ष्य

एकीकृत ग्रामीण विकास र दिगो प्राकृतिक स्रोत व्यवस्थापनको माध्यमबाट चुरे क्षेत्रको पारिस्थितिकीय प्रणालीमा सुधारका साथै संकटासन्न समुदायको जलवायु समानुकूलन क्षमतामा अभिवद्धि गर्ने।

### उद्देश्यहरू

- जलवायु उत्थानशीलताका लागि दिगो प्राकृतिक स्रोत व्यवस्थापनलाई सुदृढ गर्ने,
- जलवायु उत्थानशीलताका लागि दिगो प्राकृतिक स्रोत व्यवस्थापन योजना र संस्थागत सुदृढीकरण गर्ने, र
- जलवायु उत्थानशीलताका लागि दिगो प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी जागरण, जानकारी साथै स्थानीय क्षमता अभिवृद्धि गर्ने।

### आयोजना अवधि र लगानी

**अवधि**

- आयोजना प्रभावकारी मिति : २०७७ वैशाख ३० गते (सन् २०२० मे १२)
- कुल आयोजना अवधि : आव २०७७/७८ देखि आव २०८४/८५ सम्म (सन् २०२० मेदेखि सन् २०२७ अप्रिल)
- तयारी चरण : आव २०७७/७८ र आव २०७८/७९
- कार्यान्वयन चरण : आव २०७९/८० देखि २०८४/८५

**लगानी (सात वर्षका लागि)**

- हरित जलवायु कोषको अमेरिकी डलर ३ करोड ९३ लाख बराबर नगद
- नेपाल सरकारको अमेरिकी डलर ४ करोड ३४ लाख ४२ हजार बराबर

### कार्यक्षेत्र र लाभान्वित जनसंख्या

कोशी, मधेश र वागमती प्रदेशका चुरे क्षेत्रमा पर्ने २६ वटा कुल क्षेत्रफल ७,२०,६२० हेक्टर क्षेत्रफल भएको नदी प्रणाली समेटिएको छ। आयोजना क्षेत्रका कुल लाभान्वित जनसंख्या ३२,३६,२४८ रहेका छन्।

### संवेदनशील पारिस्थितिकीय प्रणाली पुनर्स्थापना योजना

आयोजनाले २६ वटा नदी प्रणालीहरूमा बहुसरोकारवाला नागरिक समाज, समुदायमा आधारित संस्थाहरू र सरकारी निकायका प्रतिनिधिहरू समेतको सहभागितामूलक छलफल, स्थलगत अवलोकन र अन्तरसंवादबाट संवेदनशील पारिस्थितिकीय प्रणाली पुनर्स्थापना योजना तयार गरी प्रणालीस्तर, प्रदेशस्तर र केन्द्रस्तरबाट समेत प्रमाणीकरण भइसकेको छ। यी योजनाको प्रभावकारी कार्यान्वयनबाट प्रत्येक नदी प्रणालीको अति जोखिमयुक्त पारिस्थितिकीय अवस्थालाई पुनर्स्थापना गर्ने लक्ष्य लिइएको छ। यस योजना नदी प्रणालीमा आधारित भए सञ्चालन गरिने पारिस्थितिकीय प्रणाली पुनर्स्थापना क्रियाकलापहरूलाई समेटेर दीर्घकालीन लक्ष्य उद्देश्यसमेत हासिल गर्ने गरी तयार गरिएको योजनाको खाका हो। यस योजनाले चुरे क्षेत्रमा जलवायु उत्थानशील भू-उपयोग अभ्यासहरूलाई विकासको मूलधारमा ल्याउन निर्देश गर्दछ।

### सहयोगी निकाय तथा संस्थाहरू

सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह, कृषक समूह तथा भू-संरक्षण उपभोक्ता समूह, सार्वजनिक जग्गा वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह।

## परियोजनाको संक्षिप्त जानकारी

**परियोजनाको नाम** : चुरे उत्थानशील परियोजनाको क्षेत्रमा निजी वन किसानहरूको सञ्जाललाई मजबुत पारी वा सवलीकरण गर्ने (Strengthening Private Forest Owner's Groups and Its Networks in the BRCRN Project area)

**कार्यक्रम सहजीकरण गर्ने** : पारिवारिक निजी वन संघ नेपाल (Association of Family Forest Owners Nepal -AFFON)

**उद्देश्य** : चुरे उत्थानशील परियोजनाको क्षेत्रमा निजी वन किसानहरूको सञ्जाललाई मजबुत पारी वा सवलीकरण गरी हरित गृह ग्यास उत्सर्जन न्यूनीकरणमा योगदान हुने।

**स्थान** : २६ वटा नदी प्रणाली

**क्रियाकलापहरू** :

- २६ नदी प्रणालीस्तर निजी वन सञ्जाल बैठक गर्नु,
- २६ वटा पालिकास्तर कार्यशाला गर्नु,
- ३ वटा प्रदेश परियोजना व्यवस्थापन एकाइस्तर अन्तर्क्रिया बैठक गर्नु, र
- निजी वन र यसको महत्व, विकास र विस्तार तथा अधिकारका बारेमा सचेतीकरणका लागि उपयोगी हुने सूचना तथा प्रचारप्रसार सामग्री (ब्रोसर) तयार गर्नु।

**उपलब्धि**

- हरेक बैठकमा सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, पारिवारिक निजी वन संघ, नेपालका सम्बद्ध किसान, स्थानीय पालिका स्तर, प्रदेशस्तर समितिहरूका पदाधिकारीदेखि पारिवारिक निजी वन किसानहरू महिला, आदिवासी जनजाति, सीमान्तकृत समूह, दलित तथा मधेशीको सहभागिता रहेको छ। पारिवारिक निजी वन विस्तार र प्रवर्द्धनमा स्थानीय सरकार र प्रदेश परियोजना व्यवस्थापन एकाइहरूको भूमिका बारे सचेतीकरण भएको छ।
- यस प्रकारका बैठक र कार्यशालाले स्थानीय सरकार र प्रदेश परियोजना व्यवस्थापन एकाइहरू र सम्बद्ध सरोकारवालासँग सम्बन्ध विस्तार गरी क्षमता विकास र नेतृत्व

विकास गर्दै नदी प्रणालीस्तरीय पारिवारिक निजी वन सञ्जाल मजबुत र पुनः संगठित भएका छन् ।

- पारिवारिक निजी वनको महत्व उजागर हुँदै निजी वन दर्ता, हरित रोजगार सिर्जना, हरित अर्थतन्त्रमा सहयोग तथा वन ऐन र नियमावलीले दिएका अधिकारका विषयमा स्थानीय सरकारसँग समन्वय र सहजीकरण गर्दै कार्यान्वयन गर्ने वातावरण निर्माण गर्ने काम भएको छ ।
- जलवायु उत्थानशील चुरे कार्यक्रमको योजना तर्जुमामा विभिन्न बैठक, गोष्ठीमार्फत पारिवारिक निजी वन किसानहरूलाई सुसूचित गर्दै प्राप्त सुझावहरू नीति निर्माणमा समावेश गर्न थालिएको छ ।
- पारिवारिक निजी वन किसानहरूका समूहहरू, नदी प्रणालीस्तरीय सञ्जाल र प्रदेश परियोजना व्यवस्थापन एकाइले केही ठाउँहरूमा बिरूवा वितरण गरेको छ ।
- सहकार्य र परियोजनामार्फत निजी वन विस्तारले कोशेढुङ्गाको काम गरेको छ ।
- नदी प्रणाली स्तरीय बैठक र कार्यशालामार्फत जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण गर्नुपर्ने महसुस भएको छ ।
- हरेक कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका पक्षहरू समेटिएका छन् ।
- आयोजना क्षेत्रमा सञ्चालन भएका बैठक र अन्तर्क्रियामा निजी वन किसान, स्थानीय सरकारहरूलाई निजी वन र यसको महत्व, विकास र विस्तार तथा अधिकारका बारेमा जानकारी गराइएको छ ।




### यस परियोजनामार्फत देखिएका सकारात्मक पक्षहरू

- पारिवारिक निजी वन नदी प्रणाली स्तरीय सञ्जालको क्षमताको विकासको सुरुवात वृक्षरोपणका लागि एकीकृत कृषि वन लगाउने किसानहरूको तथ्य तथ्यांक संकलन
- वृक्षरोपणको लागि विस्तृत सम्भाव्यता अध्ययन गर्नु पारिवारिक निजी वन नदी प्रणालीस्तरीय सञ्जाल र प्रदेश परियोजना व्यवस्थापन एकाइबीचको सम्बन्ध विस्तार
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षमा थप प्रभावकारी क्रियाकलापहरू सञ्चालन

## पारिवारिक निजी वन संघ, नेपाल र यसको भूमिका

एक परिवार एक पारिवारिक निजी वन : समृद्ध नेपाल, हाम्रो अभियान भन्ने सोचका साथ वि.स. २०७१ साल फागुन २४ गते स्थापना भएको हो ।

### लक्ष्य

पारिवारिक निजी वनको दिगो व्यवस्थापनको वकालत गरी पारिवारिक निजी वन किसानहरूको भूमि र वन स्रोतमाथिको अधिकारको सुनिश्चिततासहित काठ र गैरकाष्ठ वन पैदावारको सहज आपूर्ति गरी आर्थिक रूपान्तरण गर्ने ।

### उद्देश्यहरू

- पारिवारिक निजी वनका कृषकहरूको अधिकार सुनिश्चित गर्नको लागि वाञ्छनीय संस्था स्थापना गर्ने
- पारिवारिक निजी वनको आर्थिक रूपान्तरण गरी दिगो पारिवारिक निजी वन व्यवस्थापन गर्ने
- पारिवारिक निजी वनका कृषकहरूको नीति निर्माण गर्नको लागि वकालत गर्ने
- सरकारी एवं गैरसरकारी संघसंस्थाहरूसँग समन्वय गर्ने
- लैंगिक र सामाजिक समावेशीकरणको सुनिश्चितता गर्ने

### विषयगत क्षेत्र

यस संघले बृहत विषयगत क्षेत्रमा सहजीकरण गरिरहेको छ । ती हुन् :

| | |
|---|---|
| • नीतिगत पैरवी योजना निर्माण<br>• संस्थागत विकास, जलवायु परिवर्तन उत्थानशीलता<br>• दिगो व्यवस्थापन एवम् उद्यम विकास<br>• खोज र अनुसन्धान | • सुशासन र क्षमता अभिवृद्धि<br>• वृक्षरोपण<br>• नमुना कृषि वनको विस्तार<br>• लैंगिक समानता र सामाजिक समावेशीकरण |

### संगठनात्मक व्यवस्था

यस पारिवारिक निजी वन संघ, नेपालको संस्थागत संरचनातर्फ पारिवारिक निजी वन किसानहरू स्थानीय तह, जिल्ला तह, प्रदेश तहमा संगठित रहेका छन् । संघमा केन्द्रीय कार्यसमिति रहेको छ । हरेक तहमा अधिवेशनबाट पदाधिकारी चयन हुने व्यवस्था रहेको छ । यस संघको सदस्यता ७ प्रदेशका ७२ जिल्लाका २५ हजार किसानहरू छन् । पारिवारिक निजी वन संघ, नेपाल आबद्ध पारिवारिक निजी वन किसानहरूले करिब १० लाख हेक्टर निजी वन संरक्षण र व्यवस्थापन गरिरहेको अनुमान छ । नेपालको सबै भौगोलिक क्षेत्र, प्रदेश र स्थानीय सरकारमा आफ्नो पैरवी कार्यहरू अघि बढाइरहेको छ । पारिवारिक निजी वन संघ नेपाल देशभरि रहेका पारिवारिक निजी वनमा आधारित व्यक्ति वा परिवारको जमिन र रूखहरूको अधिकारसहितको स्वामित्व सुनिश्चित गर्न स्थापित छाता संस्था हो । पारिवारिक निजी वनमा आधारित निजी वन किसानहरूको अधिकार रक्षा गर्दै सबै तहका सरकारमा नीति निर्माण प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता र पहुँच विस्तार गरी आफ्ना आवाज बुलन्द तथा अधिकार स्थापित गर्ने एकमात्र संस्था पारिवारिक निजी वन संघ, नेपाल हो । चुरे उत्थानशील आयोजनाको आर्थिक सहयोगमा नदी प्रणालीमा रहेका कृषकहरूसँग हातेमालो गर्दै आयोजनाको उद्देश्यबमोजिम कृषि वन विकासमा संलग्न रहेको छ ।

### पारिवारिक निजी वनका किसानहरूले व्यहोरेका वर्तमान चुनौतीहरू

- वन क्षेत्रमा पारिवारिक निजी वन व्यवस्थापनसम्बन्धी एकीकृत सूचना प्रणालीको व्यवस्था,
- राज्यले पारिवारिक निजी वनको समग्र आर्थिक, सामाजिक, भू-जैविक पक्षमा गरेको योगदानको कदर,
- संघ, प्रदेश र स्थानीय सरकारहरूले आफ्ना नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकता,
- जलवायु न्यूनीकरण तथा उत्थानशीलमा गरेको सकारात्मक पक्षको उच्च मूल्याङ्कन,
- पारिवारिक निजी वनहरूको वन स्रोत सर्वेक्षण, र
- किसानहरूले माग गरेका प्रजातिका बीउ बिजन र बिरूवा सहज उपलब्ध ।

### भावी गन्तव्य

- व्यक्तिको सम्पत्तिमाथिको अधिकार प्राप्तिका लागि पारिवारिक निजी वनका किसानहरूलाई सशक्तीकरण गर्ने गरी अभियानहरू संचालन गरिने छ,
- युवा तथा महिला केन्द्रित विभिन्न रणनीति तथा कार्यक्रम तयार गरिने छ,
- स्थानीय वन ऐन वा वन कार्यविधि तर्जुमा गर्ने गरी स्थानीय सरकारसँग थप समन्वय गरिने छ,
- वन उद्यम स्थापनाका लागि सहजीकरण गरिने छ,
- नदी प्रणाली, सडक किनार र सूक्ष्म जलाधार स्तरमा क्लस्टरमुखी अन्तर्क्रियामार्फत वृक्षरोपण अभियान सञ्चालन फलफूल, जडिबुटी खेती तथा बाँसजस्ता गैरकाष्ठ वन पैदावारमार्फत आय बढाउन थप प्रोत्साहन गरिने छ,
- कृषि वन नर्सरी स्थापना, वृक्षरोपणमा थप लगानीको साथै व्यापक वृक्षरोपण गरिने छ,
- पारिवारिक निजी वन उद्यम स्थापना गर्न सहकार्यको साथै सहजीकरण गरिने छ, र
- पारिवारिक निजी वनको स्वामित्व, बजार, जलवायु परिवर्तनका असरसम्बन्धी अध्ययन अनुसन्धानमा लगानी गर्न पैरवी गरिने छ ।

*लेखन : विजयराज पौड्याल*

थप जानकारीको लागि सम्पर्क :
खरिबोट सडक, नयाँ बानेश्वर, काठमाडौं महानगरपालिका-३१, काठमाडौं, नेपाल
इमेल: info@familyforestnepal.org, वेबसाइट: www.familyforestnepal.org